**मिति २०७३।०६।१६ गतेको न.पा. बोर्ड बैठक**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ - ब.ई., सि.न.पा.
श्री विवेक कुमार खनाल - ब.अ., सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री - ब.अ., सि.न.पा.
श्री यमलाल पाण्डे - ब.ई, सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली - शाखा अधिकृत, सि.न.पा.
श्री प्रभात ज्ञवाली - कम्प्युटर अधिकृत, सि.न.पा.
श्री योगराज पन्थी - ना.सु.का.वा.अध्यक्ष, कर्मचारी एशोसिएसन

**निर्णय नं. १**

मित्र राष्ट्र चीन सरकारको Shanxi Province अन्तर्गत पर्ने Baoji City र सिद्धार्थनगर नगरपालिका बीच भगिनी सम्बन्ध कायम गरी आपसी हितका क्षेत्रहरु पहिचान गरी द्विपक्षिय हितको प्रवर्द्धन गर्ने प्रयोजनका लागि उक्त नगर संग गरिएको पत्राचार अनुसार यही यही अक्टुवर १३ देखी २० तारिख सम्म सो नगरको अवलोकन भ्रमण र आपसी हितका विषयमा छलफल गर्न र Chengdu शहर समेतको अवलोकन भ्रमणका लागि उक्त नगरवाट यस नगरपालिकाका कार्यकारी अधिकृत विष्णुदत्त गौतम र वरिष्ठ अधिकृत श्री विवेक कुमार खनाललाई निमन्त्रणा प्राप्त भएकोमा यस भ्रमणवाट यस नगरपालिकको भावी दिनहरुमा हुने विकास निर्माणका कार्यहरुमा समेत सकरात्मक सहयोग पुग्ने र भ्रमणका निमित्त सम्पुर्ण खर्च Baoji City ले नै व्यहोर्ने र यस नगरपालिकालाई कुनै पनि किसिमको आर्थिक दायित्व नपर्ने हुंदा निजहरु दुवै जनालाई भ्रमणमा पठाउने र दुवै जनाको मनोनयन स्वीकृतिका लागि संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस कार्यालयका अधिकृत स्तर छैठौं तह (प्रशासन) शाखा अधिकृत पदमा कार्यरत श्री देव प्रसाद ज्ञवालीले कार्यालय समय बाहेकको समयमा क्याम्पसमा अध्यापन गराउन तथा अन्य अतिरिक्त काम गर्नको लागि स्वीकृत पाउ भनि निवेदन दिनु भएकोमा निजलाई स्थानीय स्वायत्त शासन (आठौं संशोधन ) नियमावली, २०७३ को नियम २६४ क १. को उप नियम (२) (ङ) बमोजीम कार्यालय समय वाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

चालु आ.व.२०७२।०७३ मा यस सि.न.पा.कार्यालय र सडक बोर्ड नेपालको संयुक्त लगानीमा संचालित निम्न योजनाहरु सम्पन्न भएकोले फरफारक गर्ने निर्णय गरियो ।

| योजना | ठेक्का अंक | भुक्तानी रकम | कन्टन्जेन्सी | कुल जम्मा |
|---|---|---|---|---|
| NCB 01 | ३९०४५१६।१२ | ३४१८८७९।६८ | ११४३९३।९४ | ३५३३२७३।६२ |
| NCB 02 | २१७०६४९।७७ | २०८०४४०।५१ | ६४९३५।०६ | २१४५३७५।५७ |
| NCB 03 | २००३६३१।२५ | २००२५७९।५० | ६४९३५।०७ | २०६७५१४।५७ |
| NCB 04 | २७४२७३६ | २४८५०५७।५२ | ६४९३५।०७ | २५४९९२।६० |
| NCB 09 | ८७८६३१।५० | ८७८६३१।५० | १९४८०।५२ | ८९८११२।०२ |
| NCB 010 | ८६९९५३।१० | ८६९९५३।१० | १९४८०।५२ | ८८९४३३।६२ |
| NCB 011 | ८७८६३१।५० | ८५०२२३।९० | १९४८०।५२ | ८६९७०४।४१ |
| NCB 012 | ८५०७२०।५० | ८७२०८०।९१ | १८८५२।८१ | ८९०९३३।७२ |
| NCB 013 | ३३७६९४८।५० | ३२५०३०८।७१ | ७४८९१।७७ | ३३२५२००।४८ |
| **जम्मा** | **१७६७६४१८।२४** | **१६७०८१५५।३३** | **४६१३८५।२८** | **१७१६९५४०।६१** |

<u>**निर्णय नं. ४**</u>

यस नगरपालिका कार्यालयमा कार्यरत स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२५(ख) बमोजिम कार्य सम्पादन तथा अनुभवको मूल्यांकनद्धारा विगतमा विभिन्न मितिमा विभिन्न पदमा बढुवा भएका निम्नलिखत कर्मचारीहरुलाई स्थानीय स्वायत्त शासन (आठौं संशोधन) नियमावली २०७३ को नियम २२५ ख १ बमोजिम सम्बन्धित पद र तहको पुल दरबन्दीमा समायोजन गर्ने गरी नगरपालिका कार्यालयको मिति २०७३ भाद्र २१ गतेको निर्णयानुसार भएको समायोजन आजको वैठकवाट अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं. | नाम थर | पद | तह |
|---|---|---|---|
| १ | श्री मधु गौतम | इञ्जिनियर | अधिकृतस्तर, छैठौं तह, प्रा. |
| २ | श्री सन्तोष गुरुङ्ग | लेखा अधिकृत | अधिकृतस्तर, छैठौं तह, प्र. |
| ३ | श्री राम प्रसाद वि.क. | शाखा अधिकृत | अधिकृतस्तर, छैठौं तह, प्र. |
| ४ | श्री शेखरनाथ पन्थी | शाखा अधिकृत | अधिकृतस्तर, छैठौं तह, प्र. |
| ५ | श्री जीवन अर्याल | इञ्जिनियर | अधिकृतस्तर, छैठौं तह, प्रा. |
| ६ | श्री प्रभात ज्ञवाली | कम्प्युटर अधिकृत | अधिकृतस्तर, छैठौं तह, प्र. |
| ७ | श्री दुष्यन्त कुमार थापा | शाखा अधिकृत | अधिकृतस्तर, छैठौं तह, प्र. |
| ८ | श्री कमला शेरचन | शखा अधिकृत | अधिकृतस्तर, छैठौं तह, प्र. |
| ९ | श्री यमलाल पाण्डे | बरिष्ठ इञ्जिनियर | अधिकृतस्तर, सातौं तह, प्र. |
| १० | श्री डम्बर कुमारी गुरुङ्ग | ना.सु. | सहायकस्तर पाचौं तह, प्र. |
| ११ | श्री पुष्पा थापा | ना.सु. | सहायकस्तर पाचौं तह, प्र. |
| १२ | श्री मथुरा अर्याल | ना.सु. | सहायकस्तर पाचौं तह, प्र. |
| १३ | श्री विष्णु कुमारी गुरुङ्ग | ना.सु. | सहायकस्तर पाचौं तह, प्र. |
| १४ | श्री गोपाल सुबेदी | ना.सु. | सहायकस्तर पाचौं तह, प्र. |
| १५ | श्री प्रमोद कुमार चौबे | ना.सु. | सहायकस्तर पाचौं तह, प्र. |